# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, भदौ १६ गते, २०७९ साल (अतिरिक्ताङ्क १५

# भाग ३

## प्रदेश सरकार

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०५।१६ को निर्णयानुसार "चुन्वाङ्ग शान्ति संग्रहालय विकास समिति (गठन)(पहिलो संशोधन) आदेश, २०७९" सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**१. मूल आदेशको दफा १ मा संशोधनः मूल आदेशको दफा १ को उपदफा** (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

*“(१) यस आदेशको नाम "चुन्वाङ्ग शान्ति संग्रहालय विकास समिति (गठन)(पहिलो संशोधन) आदेश, २०७९" रहेको छ ।”*

**२. <u>मूल आदेशको दफा ३ मा संशोधनः</u>** मूल आदेशको दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

*“(१) रुकुम पूर्व जिल्लाको भूमे गाउँपालिका-९ स्थित चुन्वाङ्ग संग्रहालय र लाखर सांस्कृतिक संग्रहालयको स्थापना गरी संग्रहालयको संरक्षण तथा विकासको लागि चुन्वाङ्ग शान्ति संग्रहालय विकास समिति नामको देहाय बमोजिमको समिति गठन गरिएको छ ।*

*(क) जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख - अध्यक्ष*

*(ख) अध्यक्ष भूमे गाउँपालिका - सदस्य*

*(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व - सदस्य*

*(घ) शाखा प्रमुख (संस्कृति हेर्ने) मन्त्रालय - सदस्य*

*(ङ) वडा अध्यक्ष, संग्रहालय रहेको वडा, भूमे गाउँपालिका, रुकुम पूर्व - सदस्य*

*(च) इतिहास, समाजशास्त्र, संस्कृति, संग्रहालय वा पुरातत्त्वका क्षेत्रमा काम गर्ने समाजसेवी मध्येबाट प्रदेश सरकारद्वारा मनोनीत एक जना - सदस्य*

*(छ) स्थानीय समाजसेवीहरु मध्येबाट प्रदेश सरकारद्वारा मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य*

*(ज) कार्यकारी निर्देशक - सदस्य सचिव”*

**आज्ञाले,**

**दिपक राज नेपाल**

**सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय